# प्रभावकारी संयन्त्र नहुँदा स्वच्छ प्रतिस्पर्धाको अभाव

काठमाडौं, १९ मंसिर (कास)ः सरकारले खुला तथा उदार आर्थिक नीति अवलम्बन गरे पनि नियमन गर्ने प्रभावकारी संयन्त्र नहुँदा स्वच्छ बजार प्रतिस्पर्धाको अभ्यास नभएको विज्ञहरूले बताएका छन् । विश्व प्रतिस्पर्धा दिवस-२०११ को अवसरमा आयोजित कार्यक्रममा उनीहरूले खुला बजार नियमन संयन्त्र नहुँदा सिंगो सार्वजनिक आपूर्ति प्रणाली अव्यवस्थित भइरहेको बताए ।

वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले दैनिक उपभोग्य वस्तुको बजार मूल्य, यातायात, बैंकिङ, बिमा, शिक्षा, स्वास्थ्य, हवाई सेवालगायतमा कार्टेलिङ (व्यापारिक मिलेमतो) भइरहेको बताए । "हाल यी सबै क्षेत्रमा निजी क्षेत्रको एकाधिकार छ," मन्त्री भट्टले भने, "यसमा सुधार ल्याउन सरकारी स्वामित्वका सार्वजनिक संस्थानहरूको व्यवसायीकरण गरी प्रतिस्पर्धी बनाउन सके कार्टेलिङ समस्या आउँदैन र उपभोक्ता मारमा पर्दैनन् ।"

कार्यक्रमको आयोजना संयुक्त रूपमा नेपाल आर्थिक पत्रकार समाज (सेजन), साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोन्मेन्ट (सावती) र नेपाल बार एसोसिएसनले गरेका थिए ।

नेपालमा प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ र यससम्बन्धी नियमावली २०६६ भए पनि कार्यान्वयन पक्ष फितलो छ । नेपालले विश्व व्यापार संगठन (डब्लूटीओ) लगायत अन्य अन्तर्राष्ट्रिय संघसंगठनसँग आबद्ध हुँदा गरेको प्रतिबद्धता पूरा गर्नमात्र नीतिनियम बनाउने र भएका कानुनी व्यवस्था कार्यान्वयनमा ल्याउन नसक्ने कारणले अस्वस्थ प्रतिस्पर्धा हावी भएको सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले बताए ।

अस्वस्थ प्रतिस्पर्धा हटाउन नीतिनिर्माण तहदेखि उपभोक्तासम्म स्वच्छ प्रतिस्पर्धाको संस्कार बसाल्न सरकारले प्रभावकारी संयन्त्र विकास गर्नुपर्ने विज्ञहरूको भनाइ थियो ।

वाणिज्य विभागका निर्देशक टीकाप्रसाद भण्डारीले प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ र यससम्बन्धी नियमावली २०६६ मा उल्लेखित प्रावधानहरूले अहिलेको बजार व्यवस्था नियन्त्रण गर्न समस्या भएको बताए । सावतीका महासचिव रत्नाकार अधिकारीले फितलो कानुनी व्यवस्थाका कारण बजार प्रतिस्पर्धी हुन नसकेको तर्क गरे ।